# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली, ७.नं. प्रदेश, नेपाल ।

प.स.०७५/०७६
च.न.

मिति:२०७५/०५/०६

सूचना । सूचना ।। सूचना ।।।

द्रोसो पटक प्रकाशित मिति २०७५/०५/०७

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व.२०७५/०७६ का लागी सडक वत्ती तथा कार्यालयमा प्रयोग हुने विजुलीका  सामानहरु खरिद गर्नुपर्ने भएको हुँदा द्रोसो पटक सूचना प्रकाशित गरिएको छ । दरभाउ पत्र फर्ममा उल्लेखित समान विक्री गर्न चाहने बिक्रेता वा सप्लायर्सहरुले सम्वन्धित निकायमा चालु आ.व.को दर्ता तथा नविकरण गरेको प्रमाण पत्र,आयकर दर्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर को प्रमाणित प्रतिलिपि संलग्न राखी सामानको दर रेट खुलाई रित पुर्वक सिलवन्दी दरभाउ को सूची पेश गर्न हुन् सम्वन्धित सवैको जानकारीको लागी यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

१ दरभाउ पत्र दाताले सामानको विवरण कुन कम्पनीको हो साईज समेत प्रष्ट वुझिने गरि दरभाउ पत्रमा उल्लेख गरी दिनुपर्ने छ ।

२ दरभाउ पत्र फारम दस्तुर रु.१००० (एक हजार र निवेदन दस्तुर रु.१०) यस उप-महानगरपालिका मा दाखिला गर्नुपर्ने छ र सो रकम फिर्ता गरिने छैन ।

३ दरभाउ पत्र फाराम यस उप-महानगरपालिका को राजस्व उपशाखा वाट मिति २०७५/०५/०७ गते देखि २०७५/०५/२१ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

४ दरभाउ पत्र दर्ता भईसक्नु पर्ने अन्तिम मिति २०७५/०५/२२ गते दिनको १२.०० वजे सम्म ।

५ दरभाउ पत्र खोलिने मिति २०७५/०५/२२ गते दिनको १२.३० वजे खोलिने हुदा सो समयमा दरभाउ पत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थिति हुनुपर्ने छ| उपस्थिति नभएमा दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

६ दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्वन्धी काम हुनेछ।

७ दरभाउ पत्र पेस गर्ने कम्पनी,फर्म वा सप्लायर्स ले यस उप-महानगरपालिका वा कुनै एक स्थानीय तहमा अनिवार्य रुपमा व्यावसाय दर्ता भई कर तिरेको हुनु पर्नेछ ।

८ कुनैपनी कम्पनी, फर्म तथा सप्लायर्सको दरभाउ पत्र स्वीकृत गर्ने,आंशिक स्वीककृत गर्ने वा नगर्ने अधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

९ मालसामान सप्लाई गर्ने फर्मले एकमुष्ट धरौटी वापत रु.६००००(साठी हजार )मात्र यस कार्यालयको  नाममा रहेको रास्ट्रिय वाणिज्य बैंक धनगढी,कैलाली को धरौटी हि.न.४१७०३०३००७१०२ मा जम्मा गरेको नगदी भौचर वा नेपाल सरकार वाट ईजाजत प्राप्त वाणिज्य बैंक जारी गरेको बैंक ग्यारेन्टी (७५ दिनको) मान्य अवधि भएको पेस गर्नु पर्नेछ ।

१० आफुले कवोल गरेको दर रेटमा कुनैपनि फर्म तथा सप्लायर्स ले माल सामान उपलव्ध गराउन नसकेमा सो फर्म तथा सप्लायर्स को धरौटी रकम जफत गरिने छ ।

११ यस कार्यालय वाट प्रमाणित नभई विक्री भएको र म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन।

१२ अन्य कुनै जानकारी लिन चाहेमा यस उप-महानगरपालिका को जिन्सी उप-शाखामा कार्यालय समय भित्र वुझ्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यकारी अधिकृत ५२०४२९, ५२१४२९ प्रशासन शाखा ०९१५२०७३३ आर्थिक प्रशासन शाखा ०९१५२१५२९ योजना शाखा ०९१५२५५०६दमकल १०१

Scanned by CamScanner